आज मिति २०७९ साल माघ महिनाको १३ गते शुक्रवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा बसेको बेसिशहर नगरपालिकाको नगर सभाको "बाह्रौं" अधिवेशनको बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ।

## उपस्थिति :-

| क्र.स. | पद | नाम थर | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | गुमान सिंह अर्याल | | |
| २ | नगर उप प्रमुख | पद्मा गुरुङ | | |
| ३ | वडा अध्यक्ष | दुर्गा बहादुर बुढाथोकी | १ | |
| ४ | वडा अध्यक्ष | मदन बहादुर राना | २ | |
| ५ | वडा अध्यक्ष | चित्र बहादुर दनाइ | ३ | |
| ६ | वडा अध्यक्ष | गम बहादुर गुरुङ | ४ | |
| ७ | वडा अध्यक्ष | इन्द्र बहादुर गुरुङ | ५ | |
| ८ | वडा अध्यक्ष | प्रकाश थापा | ६ | |
| ९ | वडा अध्यक्ष | ऋषिराम बस्नेत | ७ | |
| १० | वडा अध्यक्ष | पवित्रा थापा राना | ८ | |
| ११ | वडा अध्यक्ष | खुशीजङ गुरुङ | ९ | |
| १२ | वडा अध्यक्ष | गंगा बहादुर थापा | १० | |
| १३ | वडा अध्यक्ष | शिव प्रसाद जोशी | ११ | |
| १४ | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | १० | |
| १५ | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | ३ | |
| १६ | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | ८ | |
| १७ | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | १ | |
| १८ | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | ६ | |
| १९ | कार्यपालिका सदस्य | सुकमाया घर्ति | ६ | |
| २० | कार्यपालिका सदस्य | मनिता परियार | ७ | |
| २१ | वडा सदस्य | दिपक अधिकारी | १ | |
| २२ | वडा सदस्य | डिल बहादुर गुरुङ | १ | |
| २३ | वडा सदस्य | रुकमा सार्की | १ | |
| २४ | वडा सदस्य | गुमान सिंह कंडेल | २ | |
| २५ | वडा सदस्य | वम बहादुर गुरुङ | २ | |
| २६ | वडा सदस्य | रिता अधिकारी | २ | |
| २७ | वडा सदस्य | लिला विश्वकर्मा | २ | |
| २८ | वडा सदस्य | कृष्ण भुजेल | ३ | |

| क्र.स. | पद | नाम थर | वडा | दस्तखत |
|---|---|---|---|---|
| २९ | वडा सदस्य | महेश कुमार भुजेल | ३ | |
| ३० | वडा सदस्य | उषादेवी बराल | ३ | |
| ३१ | वडा सदस्य | हिराकुमारी मजाकोटी | ३ | |
| ३२ | वडा सदस्य | कन्याकाशी गुरुङ | ४ | |
| ३३ | वडा सदस्य | चन्द्रमान गुरुङ | ४ | |
| ३४ | वडा सदस्य | जुनसरी गुरुङ | ४ | |
| ३५ | वडा सदस्य | सलिना विश्कर्मा | ४ | |
| ३६ | वडा सदस्य | टेकराम तामाङ | ५ | |
| ३७ | वडा सदस्य | नरेन्द्र जङ गुरुङ | ५ | |
| ३८ | वडा सदस्य | डिल कुमारी गुरुङ | ५ | |
| ३९ | वडा सदस्य | बविता विक | ५ | |
| ४० | वडा सदस्य | सोम बहादुर रिमाल | ६ | |
| ४१ | वडा सदस्य | गोमा सार्की | ६ | |
| ४२ | वडा सदस्य | खड्ग बहादुर थापा | ७ | |
| ४३ | वडा सदस्य | गोविन्द बस्नेत | ७ | |
| ४४ | वडा सदस्य | अमृतलाल श्रेष्ठ | ८ | |
| ४५ | वडा सदस्य | सरोज कुमार दनाइ | ८ | |
| ४६ | वडा सदस्य | लक्ष्मी सार्की | ८ | |
| ४७ | वडा सदस्य | रवि थापा | ९ | |
| ४८ | वडा सदस्य | होमराज गुरुङ | ९ | |
| ४९ | वडा सदस्य | शोभा अधिकारी | ९ | |
| ५० | वडा सदस्य | प्रमिता विक | ९ | |
| ५१ | वडा सदस्य | किम प्रसाद गुरुङ | १० | |
| ५२ | वडा सदस्य | नारायण तामाङ | १० | |
| ५३ | वडा सदस्य | सन्तकुमारी गुरुङ | १० | |
| ५४ | वडा सदस्य | कमला परियार | १० | |
| ५५ | वडा सदस्य | विजयराज सेढाइ | ११ | |
| ५६ | वडा सदस्य | भरत बहादुर बस्नेत | ११ | |
| ५७ | वडा सदस्य | जमुना श्रेषठ | ११ | |
| ५८ | वडा सदस्य | काली सार्की | ११ | |

**२०७९।१०।१३ मा सम्पन्न नगरसभाको बाह्रौं अधिवेशनका प्रस्तावहरु**

१ अर्ध बार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।

२. संशोधित आय अनुमान सम्बन्धमा ।

३. आन्तरिक आयतर्फको विवरण सम्बन्धमा ।

४. बजेट र हालसम्मको खर्च विवरण सम्बन्धमा ।

५. अ.ल्या तर्फको थप बजेटबाट छनौट भएका योजना तथा कार्यक्रम सम्बन्धमा ।

६. कार्यपालिका बैठकबाट भएका योजना/कार्यक्रम संशोधन सम्बन्धमा ।

७. विधेयक (ऐन, नियम, कार्यविधि) सम्बन्धमा ।

८. कार्यपालिका बैठकबाट भएका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

९. लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।

१०. नगरप्रमुखबाट बेला बखत भएका तोक आदेशका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

११ संघीय र प्रदेश सरकारसंग माग गर्ने योजना तथा कार्यक्रमहरुको सम्बन्धमा ।

१२. विविध

- जिन्सी निरीक्षण प्रतिवेदन/संस्थागत सुदृढीकरण सम्बन्धमा ।

## पारित निर्णयहरु

**निर्णय नं. १ : अर्धबार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।**

नगर उपप्रमुख श्री पद्मा गुरुङबाट बेसीशहर नगरपालिकाको चालु आव २०७९।८० को अर्धबार्षिक प्रगति प्रतिवेदन प्रस्तुत भै सो प्रगति प्रतिवेदनका सम्बन्धमा छलफल हुँदा सहभागीहरुबाट प्राप्त सुझावहरु समेत समावेश गरी उक्त प्रतिवेदन पारित गर्ने निर्णय गरियो । (अनुसूची १ संलग्न)

**निर्णय नं. २ : संशोधत आय अनुमान सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको मिति २०७९ असार २४ गते सम्पन्न नगरसभाको एघारौं अधिवेशनबाट आय अनुमान रु ७७ करोड ५३ लाख ३ हजार स्वीकृत भएकोमा नगरसभाको यस बाह्रौं अधिवेशनबाट देहाय वमोजिम रु. ८४ करोड २३ हजार संशोधित आय अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

| क.सं. | विवरण/ शिर्षक | बजेट (रु हजारमा) | | |
|---|---|---|---|---|
| | | नगरसभाको एघारौं अधिवेशनबाट स्वीकृत | संशोधित प्रस्ताव | कैफियत |
| १ | संघीय समानीकरण अनुदान | १५०६.०० | १५०६.०० | |
| २ | प्रदेश समानीकरण अनुदान | १८०.५० | १८०.५० | |

| क्र.सं. | विवरण/ शिर्षक | बजेट (रु हजारमा) | | |
|---|---|---|---|---|
| | | नगरसभाको एघारौं अधिवेशनबाट स्वीकृत | संशोधित प्रस्ताव | कैफियत |
| ३ | संघीय राजश्व बाँडफाँड | १२,०६,३८ | १२,०६,३८ | |
| ४ | प्रदेश राजश्व बाँडफाँड | १,४४,३४ | १,४४,३४ | |
| ५ | आन्तरिक आय/स्थानीय राजश्व/ अ.ल्या | १०,५६,८१ | १५,१०,५८ | |
| ६ | संघीय शसर्त अनुदान | २९,०९,०० | ३१,०२,४३ | |
| ७ | संघीय समपुरक अनुदान | १,५०,०० | १,५०,०० | |
| ८ | संघीय विशेष अनुदान | २,५०,०० | २,५०,०० | |
| ९ | प्रदेश विशेष अनुदान | ५०,०० | ५०,०० | |
| १० | प्रदेश समपुरक अनुदान | १,००,०० | १,००,०० | |
| ११ | अन्य विविध | २,००,०० | २,००,०० | |
| | जम्मा | ७७,५३,०३ | ८४,००,२३ | |

**निर्णय नं. ३ : आन्तरिक आयतर्फको विवरण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आन्तरिक राजश्व र स्थानीय राजश्वतर्फको प्रस्तावित आय तथा २०७९ माघ १० गतेसम्मको शिर्षकगत यथार्थ आय (अनुसूची २ संलग्न) बारे यस बैठकमा जानकारी भयो साथै आन्तरिक आयको लक्ष्य पुरा गर्नको लागि आ आफ्नो स्थानबाट सक्दो कोशिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : बजेट र हालसम्मको खर्च विवरण सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको चालु आ.व. २०७९।८० को बजेट र २०७९ पुस मसान्तसम्मको शिर्षकगत खर्च विवरण (अनुसूची ३ संलग्न) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : अ.ल्या तर्फको थप बजेटबाट छनौट भएका योजना तथा कार्यक्रम सम्बन्धमा ।**

गत नगरसभाको एघारौं अधिवेशनबाट अ.ल्या. बजेट रु. ५ करोड अनुमान गरी विभिन्न योजना तथा कार्यक्रममा बाँडफाँड गरिएकोमा आर्थिक बर्षको अन्तमा अ.ल्या. रकम रु ९ करोड ५३ लाख ७७ हजार देखिन आएको हुँदा थप अ.ल्या. रकम रु.४ करोड ५३ लाख ७७ हजार मिति २०७९।१०।९ को कार्यपालिका बैठकको निर्णय समेतका आधारमा देहाय अनुसार बाँडफाँड गर्ने निर्णय गरियो ।

**देहाय**

| क्र सं | योजना/कार्यक्रम | विनियोजित रकम रु हजारमा | कैफियत |
|---|---|---|---|
| १ | ११ वटै वडामा अति आवश्यकीय योजना | ५५०० | |
| २ | सडक कालोपत्रे लागत साझेदारी (थप गर्ने) ६०/४० | ५००० | |
| ३ | पुरानोकोट गढी शान्तिस्तुपा सहितको भ्यूटावर भुक्तानी | ५००० | शोधभर्ना लिने |

| | | | |
|---|---|---|---|
| ४ | बेसीशहर(युनिभर्सलचोक) चण्डीस्थान सडक भुक्तानी | ५००० | शोधभर्नाको लागि पहल गर्ने |
| ५ | नयाँ जेसिवी खरिद | ५००० | |
| ६ | फुटकर योजना तथा कार्यक्रम पूँजीगत | ४००० | |
| ७ | सामुदायिक भवन लागत साझेदारी ५०/५० थप | ३५०० | |
| ८ | पुमाखोला आरसिसी ट्रस पुल निर्माण बेनपा ७ (बन्थोक र मैगुम) | ७०० | |
| ९ | उदिपुर रिठ्ठेबगरको सडकमा जग्गाको मुआब्जा | २०० | |
| १० | प्राकृतिक श्रोत उपयोग (ढुंगा, गिटी, बालुवा) करको प्रारम्भिक वातावरणीय परीक्षण | ५०० | |
| ११ | फुटकर कार्यक्रम चालु ( योजना निर्माण, क्षमता विकास, दीर्घरोगी उपचार शोधभर्ना, शिक्षक पारिश्रमिक ) | २४७७ | दिर्घरोगी उपचारको शोधभर्ना लिने |
| १२ | स्वास्थ्य संस्थाहरुमा ब्लड सुगर, टिटी, युरिन, स्ट्रिप परीक्षण | ५०० | |
| १३ | उदिपुर कालिका, सहजी र दनाइँफाट बसपार्क डिपिआर निर्माण | १५०० | |
| १४ | सञ्चालन खर्च चालु (पारिश्रमिक) | ४५०० | |
| १५ | हाते ट्याक्टर खदिर थप रकम | २००० | |
| | **जम्मा** | ४५३७७ | |

**निर्णय नं. ६ : योजना/कार्यक्रम संशोधन अनुमोदन सम्बन्धमा ।**

नगरसभाको एघारौं अधिवेशन पश्चात कार्यपालिका बैठकबाट बजेट सीमा भित्र रही संशोधन ( योजनान्तर/ रकमान्तर /एकिकरण, ब्रेकडाउन ) भएका योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो । (अनुसूची ४ संलग्न)

**निर्णय नं. ७ : विधेयक तथा अन्य कानूनहरु स्वीकत गर्ने सम्बन्धमा ।**

नगरसभाको यस बाह्रौं अधिवशेनबाट देहायका ऐन, नियमावली तथा कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

१. बेसीशहर प्रज्ञा-प्रतिष्ठान ऐन, २०७९
२. स्वास्थ्य तथा सरसफाई ऐन, २०७९
३. नगर यूवा परिषद ऐन, २०७९
४. बेसीशहर तथ्यांक तथा अभिलेख संकलन ऐन, २०७९
५. बेसीशहर नगरपालिकामा कार्यरत कर्मचारहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७९
६. वजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७९
७. स्थानीय वजार व्यवस्थापन ऐन, २०७९
८. वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७९



नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

९. कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७९
१०. लेखा समिति गठन र संचालन नियमावली, २०७९
११. विज्ञापन बोर्ड तथा प्रचार प्रसार सामाग्री नियमन गर्ने नीति, २०७९
१२. नगरस्तरीय मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति, २०७९
१३. बेसीशहर नगरपालिकाको सामाजिक समावेशीकरण नीति, २०७९
१४. बेसीशहर नगर घरवहाल कर कार्यविधि, २०७९
१५. बेसीशहर नगरपालिका मेलमिलाप केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि, २०७९
१६. स्थानीय तहको योजना प्रकृयामा युवा सहभागितासम्बन्धी कार्यविधि, २०७९
१७. नगर यूवा परिषद सञ्चालन कार्यविधि, २०७९
१८. बालमैत्री वडा घोषणा कार्यविधि, २०७९
१९. समिति गठन र सञ्चालन सम्बन्धी कार्यविधि, २०७९
२०. लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७९
२१. विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७९
२२. आर्थिक सहायता कार्यविधि, २०७९
२३. खरिद कार्यविधि २०७९

**निर्णय नं. ८ : कार्यपालिका बैठकबाट भएका निर्णयहरु अनुमोदन सम्बन्धमा ।**

नगरसभाको एघारौं अधिवेशन पश्चात कार्यपालिका बैठकबाट भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ : लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।**

महालेखा परिक्षकको कार्यालयबाट प्राप्त भएको यस बेसीशहर नगरपालिकाको आ.व. २०७७/७८ को अन्तिम लेखा परीक्षण प्रतिवेदनको सम्बन्धमा छलफल भयो साथै सो प्रतिवेदनमा औंल्याइएका व्यहोरा लाई गम्भिरतापूर्वक लिई आगामी दिनमा सुधार गर्दै लैजाने साथै लेखा परीक्षणबाट देखिएको बेरुजू उपर आवश्यक कारबाही अघि बढाई फछ्र्यौट गर्ने व्यवस्था मिलाउन कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १० : निवेदन/प्रस्ताव उपर भएका तोक आदेश निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।**

नगरपालिकास्थित सेवाग्राही तथा समुह/संस्थाहरुबाट विभिन्न किसिमका समस्या समाधानको लागि नगरप्रमुख समक्ष पेश हुन आएका निवेदन तथा प्रस्तावहरु नगरप्रमुखबाट अध्ययन तथा सोधपुछ गरी समस्याको प्रकृति र प्रस्तावकको आर्थिक अवस्था समेतलाई विचार गरी स्वीकृत बजेटको उपयुक्त शिर्षकहरुबाट नगरप्रमुखको तोक आदेश वमोजिम बेलाबखत वितरण गरिएका पाइप, तारजाली जस्तापाता लगायतका सामाग्रीहरु, प्रदान गरिएका उपचारखर्च तथा अन्य आर्थिक सहयोग एवम् योजना तथा कार्यक्रमहरुमा बजेट उपलब्ध गराइएको व्यहोरालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : संघीय र प्रदेश सरकारसंग माग गर्ने योजना तथा कार्यक्रमहरुको सम्बन्धमा ।**

नगरपालिकाको मात्र श्रोत साधन र क्षमताले नभ्याउने खालका अनुसूचीमा संलग्न भए वमोजिमका योजना तथा कार्यक्रमहरुलाई आगामी आर्थिक बर्ष २०८०।८१ को बार्षिक योजना तथा कार्यक्रममा

प्राथमिकताका साथ समावेश गर्ने संघीय र प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा विभाग समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : कार्यसफलताको शुभकामना सम्बन्धमा ।**

२०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन पश्चात गठन भएको नयाँ संघीय सरकार तथा गण्डकी प्रदेश सरकारको कार्य सफलताको निम्ति हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ : विविध/ जिन्सी निरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आ.व. २०७८/७९ को जिन्सी निरीक्षण प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो । साथै वडा कार्यालय सेवा प्रवाहको प्रथम विन्दु भएकोले वडाहरुको संस्थागत सुदृढीकरणको लागि विशेष ध्यान पुर्‍याउन कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।